# प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवाका सातौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २१/२०८०-०८१** **मितिः-२०८०/०६/१०**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ र ३६ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८०/०७/१४ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । जेष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ र दफा १९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने।
५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।
६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरु गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ बमोजिम हुनेछ।
७. बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७, ५८,५९ र ६५ बमोजिम हुनुपर्ने।
८. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुने।

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ३७/२०८०-८१ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २ |
| २. | ३८/२०८०-८१ | बाली विकास अधिकृत, कृषि, बाली विकास | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| ३. | ३९/२०८०-८१ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २ |
| ४. | ४०/२०८०-८१ | कृषि अर्थ विज्ञ, कृषि, एगृ. इकोनोमिक्स एण्ड एगृ.मार्केटिङ | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ५. | ४१/२०८०-८१ | बागवानी विकास अधिकृत, कृषि, बागवानी | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ६. | ४२/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ७. | ४३/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.एण्ड डे.डे. | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २ |
| ८. | ४४/२०८०-८१ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ९. | ४५/२०८०-८१ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ५ |
| १०. | ४६/२०८०-८१ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | ७ | कार्यक्षमताको मूल्याङ्कन | २ |
| ११. | ४७/२०८०-८१ | बाली विकास अधिकृत, कृषि, बाली विकास | ७ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| १२. | ४८/२०८०-८१ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | ७ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| १३. | ४९/२०८०-८१ | कृषि अर्थ विज्ञ, कृषि, एगृ. इकोनोमिक्स एण्ड एगृ.मार्केटिङ | ७ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| १४. | ५०/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | ७ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| १५. | ५१/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.एण्ड डे.डे. | ७ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| १६. | ५२/२०८०-८१ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | ७ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| १७. | ५३/२०८०-८१ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | ७ | कार्यक्षमताको मूल्याङ्कन | ५ |

**दरखास्त दस्तुरः** रु. १२००/- (एक हजार दुईसय रुपैया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)

**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## स्थानीय सेवाका सातौं तहका (प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २२/२०८०-०८१** **मिति:-२०८०/०६/१०**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ र ३४ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८०/०७/१४ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । जेष्ठताको गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३६ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम ६० बमोजिम हुनेछ। यसमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० को उपदफा (१४) बमोजिम गण्डकी प्रदेश भित्रका स्थानीय तहका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू:

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १९ र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेश भित्रको स्थानीय तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।
५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।
६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरु स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३४ बमोजिम हुनेछ।
७. बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३०, दफा ३६(४) र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ५३, ५४, ५५ र ६० बमोजिम हुनुपर्ने।
८. बढुवा सम्वन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र नियमावली, २०८० बमोजिम हुनेछ।

**स्थानीय सेवा तर्फ स्थानीय तहमा बढुवा हुने पदहरुको विवरण**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ५४/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ५ |
| २. | ५५/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल, वि.एण्ड आर्क. | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| ३. | ५६/२०८०-८१ | कृषि अधिकृत, कृषि | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ७ |
| ४. | ५७/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ३ |
| ५. | ५८/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.एण्ड डे.डे. | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ५ |
| ६. | ५९/२०८०-८१ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ३ |
| ७. | ६०/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल | ७ | कार्यक्षमताको मूल्याङ्कन | ५ |
| ८. | ६१/२०८०-८१ | कृषि अधिकृत, कृषि | ७ | कार्यक्षमताको मूल्याङ्कन | ७ |
| ९. | ६२/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | ७ | कार्यक्षमताको मूल्याङ्कन | ३ |
| १०. | ६३/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.एण्ड डे.डे. | ७ | कार्यक्षमताको मूल्याङ्कन | ४ |
| ११. | ६४/२०८०-८१ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | ७ | कार्यक्षमताको मूल्याङ्कन | ३ |

**दरखास्त दस्तुरः** रु. १२००/- (एक हजार दुईसय रुपैया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)

**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा र स्थानीय सेवाका आठौं/सातौं तहका पदहरुको अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. २३/२०८०-०८१** | **प्रकाशन मितिः-२०८०।०६।१०**

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका देहायका समूह, उपसमूह र तहका पदको अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका अन्तर तह र खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकीकृत रुपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

### क. आठौं तह

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह, तह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ८००१/२०८०-८१ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | प्रदेश | खुला | ६ | २०८०-०८-२९ गते दिनको ३:३० बजे | २०८०-०८-३० गते विहान ८:०० बजे |
| | | | स्थानीय | | ६ | | |
| २. | ८००२/२०८०-८१ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | प्रदेश | महिला | १ | | |
| | | | स्थानीय | | २ | | |
| ३. | ८००३/२०८०-८१ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | प्रदेश | आ.ज. | १ | | |
| | | | स्थानीय | | १ | | |
| ४. | ८००४/२०८०-८१ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | प्रदेश | दलित | १ | | |
| | | | स्थानीय | | १ | | |
| ५. | ८००५/२०८०-८१ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | प्रदेश | वि.खस आर्य | १ | | |
| | | | स्थानीय | | १ | | |
| ६. | ८००६/२०८०-८१ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | प्रदेश | खुला | १ | २०८०-९-१ गते विहान ८:०० बजे | २०८०-९-२ गते विहान ८:०० बजे |
| **कुल जम्मा** | | | | | २२ | | |

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

## ख. सातौं तह

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह, तह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ७०१२/२०८०-८१ | खाद्य अधिकृत, कृषि, खा.पो.गु.नि. | प्रदेश | खुला | १ | २०८०-९-४ बिहान ८.०० बजे | २०८०-९-५ बिहान ८.०० बजे |
| २. | ७०१३/२०८०-८१ | क. कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | प्रदेश | अन्तर तह | १ | २०८०-९-०६ गते दिनको ३.३० बजे | २०८०-९-०७ गते बिहान ८.०० बजे |
| | | ख. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | प्रदेश | | १ | | |
| | | ग. कृषि अर्थ विज्ञ, कृषि, एगृ.इको.एण्ड एगृ मार्केटिङ | प्रदेश | | १ | | |
| ३. | ७०१४/२०८०-८१ | क. कृषि अधिकृत, कृषि | स्थानीय | | ४ | | |
| ४. | ७०१५/२०८०-८१ | क. कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | प्रदेश | खुला | ३ | | |
| | | ख. बाली विकास अधिकृत, कृषि, बाली विकास | प्रदेश | | २ | | |
| | | ग. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | प्रदेश | | २ | | |
| | | घ. माटो विज्ञ, कृषि, माटो विज्ञान | प्रदेश | | १ | | |
| | | ङ. कृषि अर्थ विज्ञ, कृषि, एग्रि.इको. | प्रदेश | | २ | | |
| | | च. बागवानी विकास अधिकृत, कृषि, बागवानी | प्रदेश | | १ | | |
| | | छ. कृषि अधिकृत, कृषि | स्थानीय | | १० | | |
| ५. | ७०१६/२०८०-८१ | क. कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | प्रदेश | महिला | १ | | |
| | | ख. बाली विकास अधिकृत, कृषि, बाली विकास | प्रदेश | | १ | | |
| | | ग. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | प्रदेश | | १ | | |
| | | घ. कृषि अर्थ विज्ञ, कृषि, एगृ.इको.एण्ड एगृ मार्केटिङ | प्रदेश | | १ | | |
| | | ङ. कृषि अधिकृत, कृषि | स्थानीय | | ३ | | |
| ६. | ७०१७/२०८०-८१ | क. कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | प्रदेश | आ.ज. | १ | | |
| | | ख. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | प्रदेश | | १ | | |
| | | ग. कृषि अधिकृत, कृषि | स्थानीय | | ३ | | |
| ७. | ७०१८/२०८०-८१ | कृषि अधिकृत, कृषि | स्थानीय | दलित | १ | | |
| ८. | ७०१९/२०८०-८१ | कृषि अधिकृत, कृषि | स्थानीय | वि.खस आर्य | १ | | |
| ९. | ७०२०/२०८०-८१ | कृषि अधिकृत, कृषि | स्थानीय | अपाङ्ग | १ | | |
| १०. | ७०२१/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | प्रदेश | अन्तरतह | १ | २०८०-९-८ बिहान ८.०० बजे | २०८०-९-९ बिहान ८.०० बजे |
| ११. | ७०२२/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | | २ | | |
| १२. | ७०२३/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | प्रदेश | खुला | २ | | |
| | | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | | ४ | | |
| १३. | ७०२४/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | प्रदेश | महिला | १ | | |
| | | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | | १ | | |
| १४. | ७०२५/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | प्रदेश | आ.ज. | १ | | |
| | | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | | १ | | |
| १५. | ७०२६/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | दलित | १ | | |
| १६. | ७०२७/२०८०-८१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | स्थानीय | वि.खस आर्य | १ | | |
| १७. | ७०२८/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | प्रदेश | अन्तरतह | १ | २०८०-९-१० बिहान ८.०० बजे | २०८०-९-११ बिहान ८.०० बजे |
| १८. | ७०२९/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय | | २ | | |
| १९. | ७०३०/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | प्रदेश | खुला | २ | | |
| | | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय | | ६ | | |
| २०. | ७०३१/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | प्रदेश | महिला | १ | | |
| | | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय | | २ | | |

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह, तह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| २१. | ७०३२/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | प्रदेश | आ.ज. | १ | २०८०-९-१० विहान ८.०० बजे | २०८०-९-११ विहान ८.०० बजे |
| | | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय | | १ | | |
| २२. | ७०३३/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय | दलित | १ | | |
| २३. | ७०३४/२०८०-८१ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय | वि.खस आर्य | १ | | |
| २४. | ७०३५/२०८०-८१ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | प्रदेश | खुला | १ | २०८०-९-१२ विहान ८.०० बजे | २०८०-९-१३ विहान ८.०० बजे |
| २५. | ७०३६/२०८०-८१ | प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, नेपाली | प्रदेश | खुला | १ | प्रथम पत्र २०८०-९-१३ दिनको ३.३० बजे | द्वितीय पत्र २०८०-९-१४ विहान ८ बजे; तृतीय पत्र २०८०-९-१६ गते ८.०० बजे |
| २६. | ७०३७/२०८०-८१ | प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, सामाजिक | प्रदेश | खुला | १ | | तृतीय पत्र २०८०-९-१७ गते ८.०० बजे |
| २७. | ७०३८/२०८०-८१ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | अन्तरतह | २ | | तृतीय पत्र २०८०-९-१५ गते ८.०० बजे |
| २८. | ७०३९/२०८०-८१ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | खुला | ४ | | |
| २९. | ७०४०/२०८०-८१ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | महिला | १ | | |
| ३०. | ७०४१/२०८०-८१ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | आ.ज. | १ | | |
| ३१. | ७०४२/२०८०-८१ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | दलित | १ | | |
| ३२. | ७०४३/२०८०-८१ | शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | वि.खस आर्य | १ | | |
| ३३. | ७०४४/२०८०-८१ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | अन्तरतह | २ | २०८०-९-२० दिनको ३.३० बजे | २०८०-९-२१ विहान ८.०० बजे |
| ३४. | ७०४५/२०८०-८१ | क. वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | खुला | ७ | | |
| | | ख. भू-संरक्षण अधिकृत, वन, स्वायल एण्ड वा.क. | | | १ | | |
| ३५. | ७०४६/२०८०-८१ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | महिला | २ | | |
| ३६. | ७०४७/२०८०-८१ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | आ.ज. | २ | | |
| ३७. | ७०४८/२०८०-८१ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | दलित | १ | | |
| ३८. | ७०४९/२०८०-८१ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश | वि.खस आर्य | १ | | |
| ३९. | ७०५०/२०८०-८१ | वातावरण निरीक्षक, वन, वातावरण | प्रदेश | खुला | १ | २०८०-९-२२ विहान ८.०० बजे | २०८०-९-२३ विहान ८.०० बजे |
| ४०. | ७०५१/२०८०-८१ | कम्युनिटि नर्सिङ अधिकत, स्वास्थ्य, कम्युनिटि नर्सिङ | प्रदेश | खुला | १ | २०८०-९-२४ विहान ८.०० बजे | २०८०-९-२५ विहान ८.०० बजे |
| ४१. | ७०५२/२०८०-८१ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | प्रदेश | खुला | १ | २०८०-९-२६ विहान ८.०० बजे | २०८०-९-२७ विहान ८.०० बजे |
| ४२. | ७०५३/२०८०-८१ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे. | प्रदेश | खुला | १ | २०८०-९-२८ विहान ८.०० बजे | २०८०-९-२९ विहान ८.०० बजे |
| ४३. | ७०५४/२०८०-८१ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | स्थानीय | अन्तरतह | १ | २०८०-१०-१ विहान ८.०० बजे | २०८०-१०-२ विहान ८.०० बजे |
| ४४. | ७०५५/२०८०-८१ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | स्थानीय | खुला | १ | | |
| ४५. | ७०५६/२०८०-८१ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | स्थानीय | महिला | १ | | |

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह, तह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| ४६. | ७०५७/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल | स्थानीय | अन्तरतह | ३ | २०८०-१०-३ दिनको ३.३० बजे | २०८०-१०-४ विहान ८.०० बजे |
| ४७. | ७०५८/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल | स्थानीय | खुला | ८ | | |
| ४८. | ७०५९/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल | स्थानीय | महिला | २ | | |
| ४९. | ७०६०/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल | स्थानीय | आ.ज. | २ | | |
| ५०. | ७०६१/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल | स्थानीय | दलित | १ | | |
| ५१. | ७०६२/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल | स्थानीय | वि.खस आर्य | १ | | |
| ५२. | ७०६३/२०८०-८१ | इन्जिनियर, इन्जिनियरिङ, सिभिल, वि.एण्ड आर्क. | स्थानीय | खुला | १ | २०८०-१०-५ दिनको ३.३० बजे | २०८०-१०-६ विहान ८ बजे |
| ५३. | ७०६४/२०८०-८१ | नापी अधिकृत, इन्जिनियरिङ, सर्भे | स्थानीय | खुला | १ | २०८०-१०-७ विहान ८.०० बजे | २०८०-१०-८ विहान ८.०० बजे |

**परीक्षाको किसिमः-** लिखित परीक्षा, सामूहिक छलफल र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** पोखरा

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरुमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८०/०६/३० सम्म र दोब्बर दस्तुर तिरी २०८०/०७/०७ सम्म। यो अनलाइन दरखास्त प्रणाली भएकोले उक्त ७ गते सार्वजनिक विदा परे तापनि सोहि दिनलाई दोब्बर दस्तुरको दरखास्त दिने अन्तिम दिन मानिनेछ।

**उम्मेदवारको उमेरको हदः-** २०८०/०६/३० सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको साथै महिला वा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। साथै स्वास्थ्य सेवा तर्फका पदमा दरखास्त दिन उमेरको हद २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। तर, स्थानीय सेवाका खुला प्रतिष्पर्धाद्वारा पूर्तिहुने पदहरुमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १९ को खण्ड (ग) को प्रतिवन्धात्मक वाक्यांशको देहाय (४) बमोजिम सम्वत् २०६३ साल भन्दा अगाडिदेखि साविक स्थानीय निकायको दरवन्दीमा अस्थायी वा करारमा नियुक्ति भई निरन्तर रुपमा कार्यरत रहेका कर्मचारीको हकमा यस विज्ञापनमा उमेर हद लाग्ने छैन।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. १२०० (एक हजार दुईसय रुपैया) बुझाउनु पर्नेछ। अन्तरतह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि ४००।- (चार सय) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। ***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिईसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।***

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८०।०७।०८ गते सम्म (सार्वजनिक विदा परेमा सार्वजनिक विदा पछि कार्यालय खुलेको दिनको कार्यालय समय भित्र)

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र) समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। व्यवसायिक परिषदको दर्ता प्रमाणपत्र आवश्यक पर्ने पदको लागि सो प्रमाणपत्र समेत अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानून बमोजिम

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

## आवश्यक न्यूनतम योग्यता:

१. **मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.:**- मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त।

२. **आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेदः**- मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा स्नातक उपाधि प्राप्त।

३. **कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसारः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

४. **बाली विकास अधिकृत, कृषि, बाली विकास** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.एस्सी. एग्री वा सो सरह उत्तीर्ण।

५. **बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण

६. **माटो विज्ञ, कृषि, माटो विज्ञान** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

७. **कृषि अर्थ विज्ञ, कृषि, एगृ.इको. एण्ड एगृ. मार्केटिङः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्री इकोनोमिक्स वा एग्री बिजनेस मुख्य विषय लिई बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

८. **बागवानी विकास अधिकृत, कृषि, बागवानी:** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

९. **कृषि अधिकृत, कृषि, कृषि**: मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण।

१०. **खाद्य अधिकृत, कृषि, खा.पो.गु.नि.** मान्यता प्राप्त शिक्षण संस्थाबाट फुड टेक्नोलोजीमा बि.टेक. वा फुड साइन्स वा फुड टेक्नोलोजी वा फुड इन्जिनियरिङ वा फुड माइक्रोबायोलोजी वा ह्युमन न्यूट्रिशन विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

११. **पशु चिकित्सक, कृषि, भेटेरिनरी** : मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.भि.एस्सी. एण्ड ए.एच. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण

१२. **पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे.** : मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी. (एनिमल साइन्स वा डेरी साइन्स) वा वि.टेक. (डेरी टेक्नोलोजी वा लाभइष्टक एक्सटेन्सन) वा बि.भि.एस्सी. एण्ड ए.एच. वा सो सरह उत्तीर्ण।

१३. **मत्स्य विकास अधिकृत, कृषि, मत्स्य** : मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.एस्सी.एग्री/वि.एस्सी. (पशु विज्ञान)/बि.भि.एस्सी. एण्ड ए.एच. वा सो सरह उत्तीर्ण

१४. **प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, नेपाली:** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

१५. **प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, सामाजिक** : मान्यता प्राप्त शिक्षण संस्थाबाट भूगोल, ईतिहास, अर्थशास्त्र, राजनितीशास्त्र वा सामाजिक शिक्षा मध्ये कुनै एक मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

१६. **शिक्षा अधिकृत, प्रशासन, शिक्षा प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

१७. **वन अधिकृत, वन, जनरल फरेस्ट्री** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन, भू तथा जलाधार व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।

१८. **भू-संरक्षण अधिकृत, वन, स्वायल एण्ड वा.क.** : मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इन्जिनियरिङ वा वन वातावरण विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

१९. **वातावरण निरीक्षक, वन, वातावरण:** मान्यताप्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

२०. **कम्युनिटि नर्सिङ अधिकृत, स्वास्थ्य, कम्युनिटि नर्सिङः** मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ (कम्युनिटी हेल्थ नर्सिङ) विषयमा स्नातक उपाधि प्राप्त।

२१. **फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी:** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

२२. **मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे.** : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक उपाधि प्राप्त।

२३. **जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई.**: मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त।

२४. **इन्जिनयर, इन्जिनियरिङ, सिभिलः**- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

२५. **इन्जिनियर, इन्जिनियरिङ, सिभिल, वि.एण्ड आर्क.**: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चर इन्जिनियरिङ विषयमा वि.इ. वा सो सरह उत्तीर्ण।

२६. **नापी अधिकृत, इन्जिनियरिङ, सर्भे** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोम्याटिक्स इन्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण।

## अन्तर तह, खुला तथा समावेशी परीक्षाको लागि सूचना

(क) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १९ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (११) र नियमावलीको नियम ७३ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

(ग) स्थानीय सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १० को उपदफा (११) र नियमावलीको नियम ६८ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(घ) अन्तर तह, खुला र समावेशीतर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र अन्तर तह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन) ।

(ङ) अन्तर तह, खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(च) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(छ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

## समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवाहरुका लागि विशेष निर्देशन

(क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(ग) आर्थिक रूपले विपन्न खस/आर्यको हकमा प्रचलित कानून बमोजिम गरिबीको परिचय पत्र प्राप्त गरेको भए सो परिचय पत्र वा परिचय पत्र नभएको हकमा सम्वन्धित स्थानीय तहले कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस/आर्य समुदायको व्यक्ति भनी प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ।

(घ) अपाङ्गता भएका व्यक्तिको हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र पेश गर्नुपर्नेछ।

**<u>द्रष्टव्य</u>**

(क) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ङ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, अन्तरतह, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(छ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयहरु प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(झ) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः** ०६१-४६७८७३

Website:- **<u>http://ppsc.gandaki.gov.np</u>** **E-mail:** gandakipsc2076@gmail.com